नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**(योजना तथा अनुगमन शाखा)**

☎ ४२००३२३
४२००३२२

सिंहदरबार, काठमाडौं

पत्र संख्या : २०७५/७६
च.नं. : ९६

मिति: २०७५/०५/१४

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
शाखाहरु, आयोजना/कार्यक्रम सबै ।
श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग
अनुगमन वातावरण तथा प्रविधि शाखा, पुल्चोक, ललितपुर ।
श्री केन्द्रिय पञ्जीकरण विभाग, बबरमहल, काठमाडौं ।
श्री निजामती किताबखाना, हरिहरभवन ।
श्री निजामती कर्मचारी अस्पताल, मिनभवन, काठमाडौं ।
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।
श्री कर्मचारी प्रशिक्षण प्रतिष्ठान, बागडोल, ललितपुर ।

**विषय: संविधानको धारा ५३ बमोजिमको प्रगति पठाउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको मिति २०७५/०४/१६ को पत्रबाट नेपालको संविधानको धारा ५३ मा व्यवस्था भए बमोजिम राज्यका निर्देशक सिद्धान्त नीति र दायित्व कार्यान्वयनका सम्बन्धमा गरेका काम र प्राप्त उपलब्धि सहितको वार्षिक प्रतिवेदन नेपाल सरकारले तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्ने संवैधानिक व्यवस्था भए बमोजिम गत आ.व. ०७४/७५ त्यहाँ मन्त्रालय र अन्तर्गत कार्यालयहरु समेतवाट भएका काम र प्राप्त प्रगति उपलब्धि सहितको प्रतिवेदन उपलब्ध गराइदिन लेखि आएको हुँदा तहाँसँग सम्बन्धित संविधानको धाराको उपलब्धी/प्रगति मिति २०७५/५/२० गते भित्र यस शाखामा (इमेल *(monitoringmofald2015@gmail.com)* उपलब्ध गराइदिनु हुन आदेशानुसार अनुरोध गर्दछु । साथै यस मन्त्रालयसंग सम्बन्धित संविधानको धारा उपधारा र वार्षिक प्रतिवेदन तयार गर्ने संक्षिप्त मार्गदर्शन समेत यसैसाथ संलग्न छ ।

(भुपेन्द्र रायमाझी)
शाखा अधिकृत

## नेपालको संविधानको धारा ५३ बमोजिम आ.ब. २०७४/७५ को वार्षिक प्रतिवेदन तयार गर्ने प्रयोजनका लागि पठाउनुपर्ने विवरणको संक्षिप्त मार्गदर्शन:

नेपालको संविधानको धारा ५३ मा संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्दान्त, नीति र दायित्व कार्यान्वयनका सम्बन्धमा गरेका काम र प्राप्त उपलब्धिसहितको वार्षिक प्रतिवेदन नेपाल सरकारले राष्ट्रपति समक्ष पेश गर्ने व्यबस्था गरिएको छ । आर्थिक वर्ष २०७४/७५ मा भए गरेका कार्य एबम् उपलब्धि सहित उक्त प्रतिवेदन तयारी गर्नुपर्ने भएको र सोही प्रयोजनका लागि सबै मन्त्रालय र निकायहरुबाट देहाय बमोजिमको विवरण तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनुपर्ने भएको छ ।

१. नेपालको संविधानको धारा ५१ मा राज्यले अवलम्बन गर्नुपर्ने विभिन्न १३ वटा नीतिहरुको ब्यवस्था भएको र ती नीति अन्तर्गतका विभिन्न क्रियाकलापहरु मध्ये आ. व २०७४/७५ मा कुन नीति अन्तर्गत के कस्ता उपलब्धिहरु हासिल भएका छन् सो को विश्लेषणात्मक र परिमाणात्मक विवरण उल्लेख गर्ने । यस्तो विवरण तयार गर्दा बजेट तथा कार्यक्रमभित्र परेका विषयमा मात्र सीमित नरही त्यस मन्त्रालय/निकाय अन्तर्गत भएका समग्र क्षेत्रको उपलब्धि उल्लेख हुनुपर्ने । यसरी उल्लेख गर्दा देहायको क्रममा उल्लिखित निर्देशक सिद्धान्त, नीतिहरु तथा दायित्त्व समेतमा मात्र केन्द्रित भई विवरण तयार गर्ने:

१. राज्यका निर्देशक सिद्धान्तहरु एवम् तिनीहरुको कार्यान्वयन अवस्था
२. राज्यका नीतिहरू: कार्यान्वयनको अवस्था र उपलब्धि
  २.१ राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षासम्बन्धी नीतिगत व्यवस्था र उपलब्धिहरू
  २.२ राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीतिगत व्यवस्था र उपलब्धिहरू
  २.३ सामाजिक र सांस्कृतिक रूपान्तरणसम्बन्धी नीतिगत व्यवस्था र उपलब्धिहरू
  २.४ अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिगत व्यवस्था र उपलब्धिहरू
  २.५ कृषि र भूमिसुधारसम्बन्धी नीतिगत व्यवस्था र उपलब्धिहरू
  २.६ विकाससम्बन्धी नीतिगत व्यवस्था र उपलब्धिहरू
  २.७ प्राकृतिक साधनस्रोतको संरक्षण संवर्द्धन र उपयोगसम्बन्धी नीतिगत व्यवस्था र उपलब्धिहरू
  २.८ नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिगत व्यवस्था र उपलिब्धिहरू
  २.९ श्रम तथा रोजगारसम्बन्धी नीतिगत व्यवस्था र उपलब्धिहरू
  २.१० सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिगत व्यवस्था र उपलब्धिहरू
  २.११ न्याय र दण्ड व्यवस्थासम्बन्धी नीतिगत व्यवस्था र उपलब्धिहरू
  २.१२ पर्यटनसम्बन्धी नीतिगत व्यवस्था र उपलब्धिहरू
  २.१३ अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी नीतिगत व्यवस्था र उपलब्धिहरू

३. राज्यको दायित्व एवम् तिनीहरुको कार्यान्वयन अवस्था

२. विवरण पठाउँदा देहाय बमोजिमको व्यहोरा स्पष्ट खुल्ने गरी पठाउने:

क. आ.व २०७४/७५ मा नयाँ जारी भएका/परिमार्जन गरिएका नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका आदिबाट के कस्ता सुधार हासिल भयो वा हुने अवस्थामा छन् सो को विवरण ।

ख. आ.व २०७४/७५ भित्र भएका संस्थागत एवम् संरचनागत सुधारबाट हासिल भएको उपलब्धि ।

३. मुख्य उपलब्धिहरुलाई संभव भएमा बक्स, बार ग्राफ, लाइन ग्राफ, पाइ चार्ट वा यस्तै अन्य कुनै आकर्षक माध्यमबाट प्रस्तुति गर्न सकिनेछ। साथै राष्ट्रिय हित वा जनचासोसँग सम्बन्धित कुनै महत्वपूर्ण विषय भएमा बाकसचित्रभित्र वा अन्य माध्यमबाट विशेष प्रस्तुति गर्न सकिनेछ ।

४. मन्त्रालयको समष्टिगत उपलब्धिको तथ्याङ्क भए पछिल्लो ५ वर्षको तथ्याङ्कीय विवरण छुट्टै अनुसूची बनाई पठाउन सकिनेछ । साथै विवरणको Softcopy : ylbhusal@nepal.gov.np मा समेत पठाउनुपर्नेछ ।

५. यो विवरण २०७५ भाद्र मसान्तसम्ममा अनिवार्य रुपमा यस कार्यालयमा पठाउनुपर्ने छ ।

६. विवरण पठाउँदा विभागीय मन्त्री वा आयोग/निकायको बैठकमा जानकारी गराई सचिवबाट प्रमाणित गरी पठाउनुपर्नेछ।

७. तोकिएको ढाँचामा सक्कलै प्रतिका साथै पेन ड्राइभमा डिजिटल प्रति समेत यस कार्यालयको सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखामा बुझाउनुपर्नेछ। विवरण कालीमाटी युनिकोड फन्टमा (११ साइज) टाइप गरिएको हुनुपर्नेछ भने नेपाली उल्था सम्भव नभएका र उल्था गर्दा वास्तविक अर्थ दिन नसक्ने केही प्राविधिक शब्दबाहेक सम्पूर्ण विवरण पूर्णत नेपाली शब्दमै हुनुपर्नेछ। साथै सम्पूर्ण विवरण <u>पाँचदेखि सात पेजमा</u> सीमित रहने गरी तयार गर्नुपर्नेछ ।

८. अपूर्ण, दोहोरो अर्थ लाग्ने, परिमाण हासिल भैनसकेको तर प्रकृया मात्र शुरु गरेको विषयलाई प्रतिवेदनमा समावेश नगर्न उपयुक्त हुनेछ। राष्ट्रिय महत्वका एवम् ठूला बहुवर्षीय विकास आयोजना तथा कार्यक्रमहरुको प्रगति खुलाउँदा आ.व. २०७३/७४ सम्ममा भएको उपलब्धि आ.व २०७४/७५ मा थप भएको उपलब्धि तथा आ.व २०७५/७६ को लक्ष्य समेत समावेश गर्नुपर्नेछ ।